# gjlj sNk

(धवलागिरिमा सर्वाधिक ...कप्रिय प...का)

web: www.bikalpanews.com /bikalpanews /NawabikalpaWeek

साप्ताहिक

वर्ष ८ अङ्क ५० पूर्णाङ्क ३८८ | आइतवार, भाद्र १९, २०७३ | Sep. 4, 2016, Sunday | पृष्ठसङ्ख्या ६+२ | मूल्य रु. १०/-




तीज गीतको सौन्दर्य गुम्दै

- विस्तृत अन्तिम पृष्ठमा

# पुनर्संरचनामा अन्यौल

- चार वटा प्रस्ताव सिफारिस
- एक वटा गाउँपालिका थप गर्न माग
- विवादले केन्द्र निर्धारण भएन
- बुझाइमा एकरुपता नहुँदा समस्या

■ सन्तोष गौतम/नवविकल्प

म्याग्दीमा स्थानीय तहको पुनर्संरचनाको विषयमा थप अन्यौलता र अलमल सिर्जना भएको छ । पुनर्संरचनाको विषयमा बुझाईमा एकरूपता नहुनु, साझा विकल्प तयार हुन नसक्नु, केन्द्र निर्धारण बिनानै स्थानीय तहको प्रस्ताव गरिएकाले अन्यौलता बढेको हो । स्थानीय तह पुनर्संरचना प्राबिधिक सहयोग समितिले म्याग्दीमा चार वटा विकल्प सहितको प्रस्ताव सिफारीस गरेको छ ।

गाउँपालिका, नगरपालिका तथा बिशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगलाई शुक्रबार सिफारीस पठाएको हो । गाविस र जिल्ला तहमा भएको छलफलका क्रममा प्राप्त भएको सुझावलाई समेटेर प्राबिधिक समितिले तिन वटा प्रस्ताव तयार गरेको थियो ।

राजनीतिक दलहरूले यसअघि एक नगरपालिका र चार गाउँपालिकाको साझा प्रस्ताव तयार गरेका थिए । प्राबिधिक समिति र दलहरूले गरेको चार वटै प्रस्ताव आयोगलाई सिफारीस गरि पठाइएको समितिका सदस्य सचिव रहेका जिविसका योजना अनुगमन तथा प्रशासकीय अधिकृत बिष्णुप्रसाद पौडेलले बताउनुभयो ।

विभिन्न विकल्पमा छलफल गरेपनि गाउँ तहबाट फरक फरक सुझाव आएको र जिल्ला तहमा साझा सहमती बन्न नसकेपछि सबै विकल्पहरू आयोगलाई पठाइएको हो । सिफारीसमा प्रस्तावीत गाउँपालिकाहरूको केन्द्र कहाँ बनाउने भन्ने विषयमा उल्लेख गरिएको छैन् ।

केन्द्र कहाँ बनाउने विषयमा स्थानीयबासी, दलका नेता र सरोकारवालाहरूको बिचार बाँझीएको छ । प्राबिधिक समितिले केन्द्र निर्धारण गरि एउटा मात्र प्रस्ताव तयार गर्न नसक्दा सर्वसाधारणमा पुनर्संरचनाको विषयमा अन्यौलता सिर्जना भएको ताकमका बासिन्दा गोविन्द पौडेलले बताउनुभयो ।

'सिमाना, केन्द्र र नामाङ्कन सबै टुङ्ग्याएर पठाएको भए आयोगलाई कार्यान्वयन गर्न सजिलो हुन्थ्यो, जनता पनि भविश्यमा बन्ने स्थानीय तहको विषयमा स्पष्ट हुने थिए' पौडेलले भन्नुभयो 'प्राबिधिक समितिले फरक फरक विकल्प पठाएकाले आयोगले कार्यान्वयन गर्नेमा शंका छ ।'

स्थानीय तहको पुनर्संरचनाको विषयमा संबिधानको भावना र मर्म अनुसार समुदायस्तरमा बुझाउन नसक्नु पनि अन्यौलता सिर्जना हुनुको अर्को कारण हो । संबिधानले स्थानीय तहलाई दिएको २२ वटा अधिकारको विषयमा नबुझाइकन जनसंख्या र भुगोललाई मात्र आधार बनाएर पुनर्संरचना गर्न खोज्दा थप अलमलको अवस्था सिर्जना भएको कानुन व्यवसायी सागरजीवी उपाध्यायले बताउनुभयो ।

'गाउँ तहका सर्वसाधारणले संबिधानले गाउँ तथा नगरपालिकालाई दिएको अधिकारबारे जानकारी पाउने अवसर पाएका छैनन्' उपाध्यायले भन्नुभयो 'स्थानीय तह कसरी सञ्चालन गर्ने भन्ने विषयमा ध्यान नदिइएको र जनतासम्म पुग्न नसकेकाले पुनर्संरचनाको सिफारीस औपचारीकता र कर्मकाण्डी बनेको छ ।'

आयोगले निर्धारण गरेको मापदण्ड, म्याग्दीको भुगोल र जनसंख्या तथा जनताको चाहना फरक फरक भएपछि जिल्ला तहमा प्राप्त भएका सबै सुझावलाई समान प्राथमिकता दिएर आयोगमा पठाइएको नेपाली काँग्रेस म्याग्दीका सचिव हरिकुमार श्रेष्ठले बताउनुभयो । हिमाली भुगोल भएकाले थप एक गाउँपालिका बनाउन समेत सिफारीस गरिएको जानकारी दिदै उहाँले आयोगले उपयुक्त प्रस्तावलाई स्वीकृत गर्ने अपेक्षा व्यक्त गर्नुभयो ।

बाँकी पृष्ठ ७ मा



म्याग्दीको ताकममा स्थानीय तह पुनर्संरचना वारे छलफल गर्दै स्थानीयहरु । तस्विर गोपाल आचार्य/ताकम

# बाढीको बितण्डा

- दुई जना वेपत्ता
- १५ परिवार प्रभावित
- सडक र विद्युत अवरुद्ध

■ नवविकल्प



बाढीले बिचल्ली : बाढीले घर बगाएपछि विस्थापित बेगखोलाकी एक बाढीपीडित बच्चालाई काँखमा च्यापेर सुरक्षित आश्रयको खोजी गर्दै । तस्विर:सन्तोष गौतम

म्याग्दीको बेगमा र देविस्थान गाविसमा बिहीबार र शनिबारको बाढी, पहिरोका कारण एकको मृत्यु भएको छ । पहिरोमा परि एक जना वेपत्ता भएका छन भने १५ घरपरिवार प्रभावित भएका छन् । बेगखोलामा बेलीब्रिज, झोलुङ्गे पुल, सडक र बिजुलीको पोल समेत बाढीले बगाएको छ ।

बाँकी पृष्ठ ७ मा

## जिविस म्याग्दी : कर्मचारी भर्नामा मनपरी




- नियम मिच्दै एलडिओ
- जिविसकै कर्मचारीको विरोध
- पदपूर्ति समिति बेकम्मा
- दलहरु चुपचाप
- मनपरी गर्ने एलडिओलाई कारवाही : मन्त्रालय

विस्तृत समाचार पृष्ठ ३ मा


प्रो. नारायण जि.सी.

मो.नं. ९८५१०१८६८३, ९८५७६४०००३

## जि.सी. क्रसर उद्योग

बेनी नगरपालिका-११, बगुवाखोला, म्याग्दी

सम्पर्क: ०६९-५२०९२०, ९८०२०६०३२२ (श्याम)

९८०५२०६२३५ (दिपक) ९८५७६२२३८० (हरि)

हाम्रा सेवाहरु

आधुनिक क्रसर मेसिनबाट उत्पादित उच्च गुणस्तरीय गिट्टी, बालुवा, ग्रावेल तथा ४ र ६ इन्चका ब्लक चाहिएमा हामीलाई सम्झनुहोस् ।

साथै

एस्काभेटर, डोजर, टिपर लगायतका हेभी इक्युप्मेन्ट चाहिएमा समेत हामीलाई सम्पर्क गर्नुहोस् ।

तपाईंको सेवाका लागि सम्पूर्ण निर्माण सामग्री एकै ठाउँमा...



Good Neighbors International

## प्रेस विज्ञप्ति
## जो जससँग सम्बन्धित छ

गुड नेवर्स इन्टरनेशनल, सन् १९९१ मा दक्षिण कोरियमा स्थापना भएको एक अन्तर्राष्ट्रिय, गैरसरकारी, गैरधार्मिक, मानवतावादी तथा विकाससँग सम्बन्धित संस्था हो । गुड नेवर्स इन्टरनेशनल संयुक्त राष्ट्रसंघीय सामाजिक तथा आर्थिक परिषद्मा सल्लाहकारको हैसियतमा रहेको सामाजिक संस्था पनि हो । गुड नेवर्स इन्टरनेशनलले स्थापनाकालदेखि नै विश्वभरि सामुदायिक विकास, गरिबहरूको क्षमता अभिवृद्धि गरी जीविकोपार्जन, जीवनस्तर सुधार र बालबालिकाको लागि आधारभूत शिक्षा उपलब्ध गराउन योगदान गर्दै आइरहेको छ ।

Good Neighbors International Nepal (गुड नेवर्स इन्टरनेशनल नेपाल) प्रचलित नेपालको कानून अनुसार समाज कल्याण परिषद्मा दर्ता भई नेपालको सामाजिक विकासमा सन् २००२ देखि संलग्न हुँदै आएको छ । यो संस्थाले गरिबहरू, खासगरी बालबालिकाको जीवनस्तर शिक्षा, बाल संरक्षण, जीविकोपार्जनका क्रियाकलापहरू, स्वास्थ्य र खानेपानी, सरसफाई तथा स्वच्छता सेवाहरू, पैरवी, सञ्जाल निर्माण र विपद् जोखिम न्यूनिकरणको माध्यमबाट सुधार गर्ने उद्देश्यका साथ काम गर्दै आइरहेको छ । हाल, हाम्रा कार्यक्रमहरू नेपालका १४ जिल्लामा संचालित भइरहेका छन् ।

| यस संस्थाको आधिकारिक लोगो | यस संस्थाको आधिकारिक नाम |
| --- | --- |
| Good Neighbors International | Good Neighbors International Nepal (गुड नेवर्स इन्टरनेशनल नेपाल) |

यस संस्थाले आफ्नो आधिकारिक अङ्ग्रेजी नाम Good Neighbors International Nepal लाई नेपालीमा अनुवाद गरी कुनै काम कारोबार गरेको छैन र नेपालीमा गुड नेवर्स इन्टरनेशनल नेपाल नै भनी सम्बोधन वा पत्राचार हुने गरेको छ । साथै, यस संस्थाको आधिकारिक अङ्ग्रेजी नामको नेपालीमा अनुवाद गरी प्रयोग भएका कुनै पनि नामसँग, यस संस्थाको कुनै सम्बन्ध र संलग्नता नरहेको व्यहोरा, यस प्रेस विज्ञप्ति मार्फत सम्वद्ध सबैलाई जानकारी गराउन चाहन्छौं ।

थप जानकारीको लागि: **www.gnnepal.org**

# बोली

## इश्वर सुवेदी



हामी मराङ, मल्कबाङ, कुइनेका जनतालाई धौलागिरि गाउँपालिकामा रहन अलि गाह्रो हुन्छ । हामी भौगोलिक बिकटताका कारण धौलागिरि गाउँपालिकाको अब बन्ने सदरमुकाम ताकम जान आउनको लागि असहज हुन्छ । कुइनेबाट करिब सात घन्टा पैदल पछि ताकम पुगिन्छ । जुन कुरा सामान्य होइन । तसर्थ गाउँपालिका थप्न मिल्ने ब्यबस्था छ भने एउटा अर्को गाउँपालिका थपेर मुदिको खिबाङ, मराङ, मल्कबाङ , कुइने मङलेको कुइने र बिम सहित मराङ अथवा बिम सदरमुकाम रहने ब्यबस्था गर्न सक्नुपर्छ । होइन भने दरबाङ नै पाएक पर्ने हुँदा मराङ,मल्कबाङ ,बिम र कुइने सबैलाइ दरवाङ सदरमुकाम रहने गरि गाउँपालिका मिलाउनपर्छ । यो कुरामा सबैको पहल आवश्यक छ ।

## चन्द्रप्रकाश बानियाँ



पुरानो जिल्ला विकासको इलाका क्षेत्रलाई एउटा गाउँपालिका बनाउँदा सबभन्दा उपयुक्त हुन्थ्योजस्तो लाग्छ । गाउँपालिकाको सिमा निर्धारणका लागी तोकिएको न्युनतम जनसंख्या म्याग्दी जस्तो विकट भूभाग रहेको जिल्लाको लागि ब्यहारिक र वैज्ञानिक छैन ।

## सोमनाथ



कुइने, मल्कबाङ मराङ खिबाङ र बिम लगायत गरी बनाउनुपर्छ किनभने जल,जमिन, र जङगल साथै भौगलिकको लागि मराङ वौर या बिमको सिवरात्री ठिक छ भविष्यका लागि ।

## रविन सुवेदी



जनताको राय सल्लाह बिना गरिएको स्थानीय पुर्नसंरचना कतिको उपयुक्त हुनसक्छ बेनी बसेका नेता लाई गाउँको समस्याको बारेमा के थाहा मराङ र मल्कबाङको कुरो कसरी जायज हुन्छ ।

## ज्ञानेन्द्र आचार्य



बेनी बजार देखि टाढाका गाबिसलाइ बेनी नगरपालिकामा राखिनु सहजता कारणले त ठिकै होला तर भोली नपाको नीति नियम अनि करको बारेमा धेरैले सोचेका छैनन जहाँ मोटर बाटोको सहज सुबिधा छैन त्यसलाइ नगरपालिका बनाउनु कत्तिको बुद्धिजीवी हुन्छ त्यो भोलिको दिनले बताउँला।

## रविन छन्त्याल



हाम्रो मल्कबाङ गाविसको ताकमसंग अहिलेसम्म कुनै सम्बन्ध छैना र भौगोलिक र यातायातको सुविधाको हिसाबले पनि ताकम भन्दा त दरबाङ नै सुगम छ हाम्रो मल्कबाङका लागि यसमा पुर्नविचार गर्दा कसो होला ???

## कृष्णराज पौडेल



घरभाडा पनी हामीले नै तिर्नु पर्ने, र घरको भाडा खाए वापत घरबेटीले राज्यलाई तिर्नुपर्ने कर समेट हामी आफै तिर्नुपर्ने ?? निचर सरकार कति सम्म निचर्न सक्छस ।।

## सरोज खत्री



केही पुर्बसासदहरुले उनिहरुलाई पेन्सन, उपचार र यातायातमा छुट चाहियो भन्दै प्रचण्ड कहाँ पुगेछन। यी पापीहरुले सासद हुँदा देश बनाउछु भनेर काम गरेको भए अहिले यिनलाई मात्रै होइन प्रत्येक नागरिकले यी सबै सेवा सुबिधा पाईरहेका हुन्थे।

## प्रमोद श्रेष्ठ



उघोग वाणिज्य संघ म्याग्दीका अध्यक्ष ज्यु लगाएत सम्पूर्ण मित्रहरुलाई मेरो अनुरोध, करिव १ महिना अघि देखि म्याग्दी जिल्ला लगाएत सम्पूर्ण धौलागिरी अञ्चलमा घण्टौं घण्टा विघुत आउने जाने समस्याले हामी उघोगी ब्यवसायी अक्रान्त भएको अबस्था छ, उघोग ब्यवसाय करिव बन्दै भएको अबस्था छ । विघुत अनियमितताको समस्या समाधानको लागि सम्बन्धित सबैलाई हार्दिक अनुरोध गर्दछु, अन्यथा विघुत कार्यालयमा भौतिक कारवाही गर्न नपरोस यदि घटना घटी हालेमा विघुत कार्यालय नै जिम्मेवार हुने कुरा सम्बन्धित सबैमा जानकारी गराउन चाहन्छु ।

## योगकुमार फगामी



मानबिय उद्दारको लागी ओमकुमारी शान्ती कोषले गरेको सुरुवातलाई हार्दिक आभार प्रकट गर्दै देस तथा बिदेशमा बसोबास गर्नुहुने नेपाली दाजु भाई तथा दिदी बहिनीहरू प्रती हाम्रो गाउँमा विहिबार राती पुग्न गएको क्षतिमा केही हद सम्म भए पनि मलम थपिदिने पहल गर्नुहुने छ भन्ने आसा अनी भरोसा गरेको छु ।

# फोटो कथा



*बाढीले बस्तीलाई बगर बनायो : बाढीले बगरमा परिणत गरेर उराठलाग्दो बनाएको बेगखोला । तस्विर सन्तोष गौतम, नवविकल्प*



*श्रमदान : बिमको ८ र ९ नम्बर वडामा पर्ने बाईन्दफाँटमा बिम्वाङ खानेपानी आयोजनाको पाईप बिछ्याउने खाडल खन्दै उपभोक्ताहरु ।*

*तस्विर थरेन्द्र पौडेल, वास परियोजना जिविस*



*मृगको उद्धार : म्याग्दीको अर्मन ३ छिस्वाङबाट बिहीबार उद्धार गरेर जिल्ला वन कार्यालयमा ल्याइएको रतुवा मृगको पाठो । तस्विर सन्तोष गौतम, नवविकल्प*

# जिविस म्याग्दी : कर्मचारी भर्नामा मनपरी

- नियम मिच्दै एलडिओ
- जिविसकै कर्मचारीको विरोध
- पदपूर्ति समिति बेकम्मा
- दलहरु चुपचाप
- मनपरी गर्ने एलडिओलाई

कारवाही : मन्त्रालय




**■ नवविकल्प**

जिल्ला विकास समितिको कार्यालय म्याग्दीले रिक्त रहेका स्थायी पदहरूमा नियम मिचेर दुइजना कर्मचारी हालै मात्र भर्ना गरेको छ । स्थानीय स्वायत्त शासन नियमावली २०५६ को बर्खिलाप हुने गरि जिविस म्याग्दीले खुल्ला प्रतिस्पर्धा नगराइ कर्मचारी भर्ना गरेको हो । कर्मचारी भर्ना गर्दा विज्ञापन प्रकाशित गरि खुल्ला प्रतिस्पर्धाको माध्यमबाट नियुक्त गरिनुपर्नेमा भनसुनका आधारमा प्रचलित नियमलाई मिचेर भर्ना गरिएको खुलासा भएको हो ।

स्थानीय विकास अधिकारी चिरञ्जीवी पौडेलको व्यक्तिगत तजविजका आधारमा जिविसमा कर्मचारी नियुक्ती गरेपछि अहिले सर्वत्र चासोको विषय बनेको छ । सडकबाट टिपेर कर्मचारी भर्ना गरेपछि यतिखेर स्थानीय विकास अधिकारी पौडेलको कार्यशैली प्रति जिविस भित्रकै कर्मचारीहरू रूष्ट देखिन्छन् ।

जिविसमा रिक्त रहेका स्थायी दरवन्दी सहायक पाचौ तह (नायव सुब्बा) स्तरको प्रशासन/पञ्जिकरण र आन्तरिक लेखा परिक्षण शाखा हेर्ने गरि बेनी नगरपालिका ५ की सुनिता शर्मालाई भदौ १० गते देखि लागु हुने गरि नियुक्त गरिएको छ । यसै गरि कम्प्युटर अपरेटर पदमा दरबाङ ८ की दिलमाया विटालुलाई भदौ १ गते देखि कार्यन्वयन हुने गरि नियुक्ती गरिएको योजना अनुगमन तथा प्रशासकीय अधिकृत विष्णुप्रसाद पौडेलले बताउनुभयो । उहाँले जिविसलाई जनशक्ति आवश्यक परेकाले सेवा करारमा लिइएको प्रतिक्रिया दिनुभएको छ ।

नियुक्त भएको पदको कार्य विवरण अनुसारको सेवा दिने गरि सेवा करार गरिएको भनि नियुक्ती पत्रमा उल्लेख गरिएको छ । सेवा करार लिँदा पनि खुल्ला प्रतिस्पर्धाको माध्यमबाट लिनुपर्ने नियमावलीमा छ ।

स्थानीय निकायमा सेवा प्रवाह गर्न कर्मचारी आवश्यक परेमा नियमावलीको दफा २१७ मा अप्राविधिक पदमा नियुक्त गर्न खुल्ला प्रतिस्पर्धाको माध्यमबाट खास अबधिका लागि करारमा नियुक्त गर्न सकिने उल्लेख गरिएको छ । जिविसले यो नियमलाई ठाडै उल्ङघन गरेको देखिन्छ ।

जिविसको प्रशासन/ पञ्जिकरण र आन्तरिक लेखा परिक्षण शाखामा कार्यरत सहायक पाचौ तह (सुब्बा) स्तरका कर्मचारी तुलवहादुर बानियाँको उमेर हदका कारण यहि श्रावण २८ गते अवकाश भएपछि उक्त पद रिक्त भएको थियो । यस्तै हरि गौतम डिभि परेर अमेरिका पुगेपछि लामो समय सम्म कम्प्युटर अपरेटर पद पनि रिक्त थियो । स्थानीय स्वायत्त शासन नियमावलीमा एकवर्ष सम्म रित्त पदमा स्थायी पद्पुर्ति हुन नसकेमा उक्त पद् स्वत खारेज हुने व्यवस्था छ ।

लामो सयम देखि जिविसमा रिक्त रहेका पदहरूको खुल्ला प्रतिस्पर्धाबाट परिक्षा लिएर भर्ना गर्नुपर्नेमा चोरबाटोबाट कर्मचारी भर्ना गर्नु स्थानीय स्वायत्त शासन नियमावलीको उल्ङघन भएको जिविसका एक कर्मचारीले बताउनुभयो । यसै गरि न्युनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि २०६५ को सूचक ८ मा कर्मचारी व्यवस्थापन गर्दा स्थायी दरवन्दीमा अस्थायी कर्मचारी नियुक्ति गरेमा न्युनतम शर्त मापन तथा कार्यसम्पादनमा जिविस फेल भइ जिविसमा आउने अनुदान समेत घट्ने सक्ने कार्यविधिमा उल्लेख छ ।

स्थानीय निकायमा रिक्त रहेको स्थायी पदमा करार वा अस्थायी नियुक्त गर्दा खुल्ला प्रतियोगिताद्वारा खास अवधिका लागि स्थानीय स्वायत्त शासन नियमावलीको दफा २१५ बमोजिम गठन भएको पद्पुर्ति समितिको सिफारिसमा नियुक्त गर्न सकिने व्यवस्था गरिएको छ ।

चोरबाटो बाट नियुक्त भएका कर्मचारीहरू जिविसमा हाजिर भइ जिम्मेवारी समालिसकेका छन् । यता एलडिओको कार्यशैली प्रति सांसद रेशमबहादुर बानियाँले विरोध जनाउनुभएको छ । उहाँले नियम मिचेर गरिएको निर्णय बदर गर्नुपर्ने बताउनुभयो । पदपूर्ति समिति( लाई जिविसले नै बेकम्मा बनाएर काम गर्न नदिइएको बताउनुभयो । यता शुक्रबार मात्रै सरूवा भएका स्थानीय विकास मन्त्रालयका सचिव महेन्द्र मान गुरूङले निमय मिचेर कर्मचारी भर्ना गरे नियुक्त गर्ने अधिकारीलाई कारवाही हुने प्रतिक्रिया दिनुभएको छ । सचिव गुरूङगले मनपरि गर्ने अधिकार कसैलाई नभएको बताउँदै नियम मिचेर काम गरे एलडिओलाई कारवाही हुने बताउनुभयो ।

# साढे चार सय भन्दा बढी पशु फार्म स्थापना

**■ नवविकल्प**

म्याग्दीमा साढे चार सय भन्दा बढी पशु फार्म स्थापना भएका छन् । गत आर्थिक वर्ष २०७२र७३ मा पशु सेवा कार्यालयमा दर्ता भएका ३८ बटा सहित म्याग्दीमा स्थापना भएका ब्यवसायिक पशु फार्महरूको संख्या ४६५ वटा पुगेको हो । १७० वटा बाख्रा, ८७ वटा गाईभैंसी, ६१ बटा भेडा, ६७ वटा भेडाबाख्रा संयुक्त, २७ वटा बंगुर र ४३ वटा कुखुरा फार्म दर्ता भएको पशु सेवा कार्यालयले जनाएको छ ।

गत आर्थिक वर्षमा पाँच वटा गाईभैंसी, ११ वटा बाख्रा, तिन वटा भेडा, सात वटा भेडाबाख्रा संयुक्त, चार वटा बंगुर र आठ वटा कुखुरा फार्म दर्ता भएका पशु सेवा प्राबिधिक डिल्लीराम रेग्मीले बताउनुभयो । उहाँका अनुसार जिल्लामा रहेका पशु फार्महरूमा करिब चार अर्ब रूपैयाँ लगानी भएको छ भने एक हजार जना भन्दा धेरैले रोजगारी पाएका छन् ।

पशुपालनतर्फको आकर्षणले नयाँ फार्म स्थापना हुने र पशुपालन गर्दै आएकाहरूले फार्म दर्ता गर्ने क्रम बढेको छ । ब्यवसायीक कृषकलाई अनुदान दिने सरकारी कार्यक्रमका कारण पशुपालनतर्फ आकर्षण बढेको र पशुपालन गरिरहेकाले फार्म स्थापना गरेर ब्यवसायिक बन्न थालेका बरिष्ठ पशु चिकित्सक दयाराम चापागाईले बताउनुभयो । उहाँका अनुसार बिदेशबाट फर्कीएका युवाहरूको ब्यवसायिक पशुपालनतर्फ आकर्षण बढेको छ । बिदेशबाट फर्कीएर पशुपालन गर्नेहरूको संख्या दुई सय जना छ । पहिलेदेखि पशुपालन गर्दै आएका कृषकले फार्म दर्ता गरेपछि कानुी दायरामा आउने र राजस्व संकलनमा वृद्धी हुनु साथै सरकारले उपलब्ध गराउने सेवा सुबिधा उपभोग गर्न पाएका छन् ।

# संरक्षक संस्था स्थापना

**■ नवविकल्प**

मानसीक रोगीहरूको संरक्षणमा खटिने उनिहरूका आफन्तहरू जुटेर म्याग्दीमा संरक्षण संस्था स्थापना गरेका छन् ।

मानसीक रोगको उपचारका लागि आर्थिक स्रोत जुटाउन आयमुलक कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले संस्था स्थापना गरेका हुन् । संस्थाले मानसीक रोगीहरूको हेरचाह, परामर्श र औषधि उपचारका लागि आर्थिक स्रोत जुटाउन उनिहरूको आफन्तहरूलाई लक्षित गरेर कार्यक्रम गर्ने जनाएको छ ।

लिड्स मार्फत मानसीक रोगीको पहिचान, परामर्श, औषधि उपचारका लागि सञ्चालित कार्यक्रम सकिएपनि त्यसलाई संस्थागत रूपमा निरन्तरता दिन संस्था स्थापना गरेको संस्थाकी देवी रेग्मीले बताउनुभयो ।

म्याग्दीमा हाल ६८५ जनाले नियमित रूपमा मानसीक रोगको औषधी सेवन गरिरहेका छन् । संस्थाको परिचयात्मक कार्यक्रम तथा प्रथम साधारणसभा बुधबार बेनीमा सम्पन्न भएको छ । साधारणसभा तथा परिचयात्मक कार्यक्रमको सहायक प्रमुख जिल्ला अधिकारी यादवनाथ आचार्यले उद्घाटन गर्नुभएको थियो ।

सो कार्यक्रमका सहभागिहरूले मानसीक रोगको न्युनीकरणका लागि तनाव ब्यवस्थापन र खानपानमा ध्यान दिनुपर्ने बताएका थिए । स्थानीय विकास अधिकारी चिरञ्जीवी पौडेल, राजनीतिक दलहरूको तर्फबाट नेपाली काँग्रेसका सचिव हरिकुमार श्रेष्ठ, जिशिअ रामप्रसाद अधिकारी, गैरसरकारी संस्था महासंघका अध्यक्ष हरिप्रसाद पौडेलले मन्तब्य व्यक्त गर्नुभएको थियो ।

संस्थाका अध्यक्ष निशा शाही (जिसी)को अध्यक्षता, सचिव देवी रेग्मीको सञ्चालन र रमेश परियारको स्वागत मन्तब्यमा सम्पन्न कार्यक्रममा लिड्स संस्थाका कार्यकारी निर्देशक पदम श्रेष्ठले संस्थाको गतिबिधि र संरक्षक संस्थाको आवश्यकताको बारेमा प्रकाश पार्नुभएको थियो ।

# म्याग्दीमा पच्चिस सय करदाता

**■ नवविकल्प**

म्याग्दी जिल्लामा करदाताको संख्या पच्चिस सय जना पुगेका छन् । म्याग्दीमा उद्योग, ब्यापार, ब्यवसाय, होटल, रेष्टुरेन्ट सञ्चालन गर्ने दुई हजार ५२० जनाले नियमित कर तिर्ने गरेको आन्तरीक राजस्व कार्यालय पोखराले जनाएको छ । कार्यालयका कर अधिकृत नारायणप्रसाद बास्तोलाले वार्षिक बिस लाख भन्दा कमको कारोबार गर्ने दुई हजार ३६० जनाले प्यान नम्बर लिएका जानकारी दिनुभयो ।

वार्षिक बिस लाख भन्दा बढी कारोबार गर्ने मूल्य अभिवृद्धी कर (भ्याट)मा दर्ता भएका ठूला करदाताको संख्या जिल्लामा १६० रहेको छ । आर्थिक वर्ष २०७१र७२ मा म्याग्दीमा करदाताको संख्या करिब दुई हजार थियो । आन्तरीक राजस्व कार्यालय पोखरा अन्तरगतका १० वटा जिल्लामा ७० हजार करदाता रहेका छन् । करदाताको संख्या बढ्दै गएपनि सबै करको दायरामा आउन नसकेको अधिकृत बास्तोलाले बताउनुभयो ।

कर नीतिबारे तल्लो तहसम्म जानकारी नहुँदा पेशा, उद्योग, व्यवसाय सञ्चालन गर्ने सबै करको दायरामा आउन नसकेका हुन् । उद्योग, ब्यापार गर्ने सर्वसाधारणका साथै कर्मचारी र शिक्षकहरूले पनि प्यान नम्बर लिनुपर्ने ब्यवस्था छ ।

करदाता बढाउन र सबैलाई करको दायरामा ल्याउन जिल्ला स्थित उद्योग वाणिज्य संघ, कोष तथा लेखा नियन्त्रकको कार्यालय र घरेलु तथा साना उद्योग विकास समितिसंग समन्वय गरिएको कार्यालयका प्रमुख कर अधिकृत लेखनाथ शर्माले बताउनुभयो । भ्याटमा दर्ता भएका करदाताले आन्तरीक राजस्व कार्यालय पोखरामा गएर नियमित आम्दानी विवरण बुझाउने र कर तिर्ने गर्दै आएका छन् । वार्षिक बिस लाख भन्दा कमको कारोबार गर्ने साना करदाताको सुबिधाका लागि उद्योग वाणिज्य संघको समन्वयमा घुम्ती कर संकलन शिवीर सञ्चालन गरिदै आएको छ ।

आर्थिक वर्ष २०७२र७३ को आयकर र घरबाहल कर संकलनका लागि भदौ १० र ११ गते बेनीमा सञ्चालन भएको घुम्ती कर शिवीरमा ८८७ जना साना ब्यवसायीले बिस लाख ४८ हजार १५० रूपैयाँ कर तिरेका म्याग्दी उद्योग वाणिज्य संघका महासचिब राजेश शाक्यले जानकारी दिनुभयो । ८० जनाले एक लाख ५१ हजार ८५० रूपैयाँ घरबाहल कर तिरेका छन् ।

# सामुदायिक वन समुदायमा हस्तान्तरण

**■ नवविकल्प**

म्याग्दीमा यस वर्ष थप तिन वटा सामुदायिक वन समुदायमा हस्तान्तरण भएको छ । जिल्ला वन कार्यालयले नयाँ थपिएका तिन वटा उपभोक्ता समूहलाई १७१.७७ हेक्टर क्षेत्रफल राष्ट्रिय वनको संरक्षण र ब्यवस्थापन गर्ने जिम्मा समुदायलाई दिएको हो ।

बेनी नगरपालिकाको अर्थुङ्गेमा २.३ हेक्टर क्षेत्रफल भएको घोलोस पाखा, बिम ४ मा २३.०३ हेक्टर लुरवाङ र बिम १,२ र ३ मा १४६.४४ हेक्टर कावाङ सामुदायिक वन समुदायलाई हस्तान्तरण गरिएको वन कार्यालयले जनाएको छ ।

नयाँ सामुदायिक वन समूहमा ३६८ घरधुरी उपभोक्ता आवद्ध भएको जिल्ला वन कार्यालयका वनरक्षक भवीराम किसानले जानकारी दिनुभयो । म्याग्दीमा हालसम्म २४ हजार २०२.८६ हेक्टर वन ३१० वटा सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरण गरिएको छ ।


## जिल्ला विकास समितिको कार्यालय

**म्याग्दी,बेनी**

## सूचना ! सूचना !! सूचना !!!

यस जिल्लामा आ.व. ०७३/०७४ को सामाजिक सुरक्षा भत्ता बेनी नगरपालिका र तपसिलमा उल्लेखित १७ गाविसहरुका सामाजिक सुरक्षा भत्ता प्राप्त लाभग्राही (जेष्ठ नागरिक, जेष्ठ दलित, एकल महिला, विधुवा महिला र आंशिक अपाङ्ग) को बैंक मार्फत् वितरण गरिने भएकाले बैंक खाता खोल्नका लागि लाभग्राहीहरुले तपसिलमा उल्लेख भएका बैंकहरुमा मिति २०७३ भाद्र २५ गतेसम्म परिचयपत्र र नागरिकताको फोटोकपी १/१ प्रति र २ प्रति पासपोर्ट साइजको फोटो सहित अनिवार्य खाता खोल्न जानुहुनका लागि यो सूचना प्रसारण गरिएको छ ।

**तपसिल**

| क्र.सं. | बैंकको नाम | नगरपालिका/गा.वि.स. | कैफियत |
|---|---|---|---|
| १ | कृषि विकास बैंक, बेनी | बेनी नगरपालिका क्षेत्र | जेष्ठ नारिक, जेष्ठ दलित, एकल महिला, विधुवा महिला |
| २. | बैंक अफ काठमाण्डौ लि., बेनी | बेनी नगरपालिका क्षेत्र | आंशिक अपाङ्ग |
| ३. | गरिमा विकास बैंक लि. | | |
| क) | दरबाङ शाखा | दरबाङ, निस्कोट, देविस्थान गाविस | |
| ख) | बाबियाचौर शाखा | बाबियाचौर, अर्मन र कुहुँ गाविस | |
| ग) | भुरुङ तातोपानी शाखा | भुरुङतातोपानी र शिख गाविस | |
| ४. | प्रभु बैंक लि., दरबाङ शाखा | रुम र ओखरबोट गाविस | |
| ५. | ग्लोबल आइएमइ बैंक लि., बेनी | ताकम गाविस | शाखारहित ताकम |
| ६. | फेवा विकास बैंक लि., बेनी | बरंजा गाविस | |
| ७. | कैलाश विकास बैंक लि., बेनी | भकिम्ली गाविस | |
| ८. | माछापुच्छ्रे बैंक लि., बेनी | पिप्ले र भगवती गाविस | |
| ९. | काष्ठमण्डप डेभलपमेन्ट बैंक लि., बेनी | बेगखोला गाविस | |
| १०. | ग्रीन डेभलपमेन्ट बैंक लि., बेनी | पाल्लेखेत गाविस | |

- स्थानीय विकास अधिकारी



## सगुन स्टेशनरी स्टोर्स

विभिन्न पाठ्यपुस्तक,स्टेशनरी सामग्री,खेलकुद एवम् पत्रपत्रिका

धार्मिक तथा साँस्कृतिक सामानहरुको थोक तथा फुटकर बिक्रेता

क्याम्पस चोक बेनीबजार, म्याग्दी, फोन नं. : ०६९५२००३५, मो. नं ९८४७६२४३४४

प्रो. नारायणप्रसाद सेन्चुरी मो.नं. : ९८५७६४०२१४

**बागलुङ देवी सुन चाँदी गहना पसल**

बैंकरोडदेखि दुरसञ्चारचोक, बेनीबजार, म्याग्दी

फोन : ०६९-५२००५६

हाम्रा सेवाहरू

यहाँ अर्डर अनुसार डिजाइनका सुन चाँदीका गरगहनाहरु पाउनुका साथै सुन चाँदी खरिद बिक्री गरिन्छ।

साथै राशि अनुसारको पत्थर पनि पाइन्छ ।

# म्याग्दीका श्रेष्ठ योजना आयोगको उपाध्यक्षमा नियुक्त

■ नवविकल्प

सरकारले म्याग्दीका डाक्टर मिनबहादुर श्रेष्ठलाई राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा नियुक्त गरेको छ । मन्त्रीपरिषद्को बिहीबार बसेको बैठकले म्याग्दीको सिङ्गा घर भएका श्रेष्ठलाई आयोगको उपाध्यक्षमा नियुक्त गरेको हो ।

नेपाल राष्ट्र बैङ्कको बहालवाला कार्यकारी निर्देशक श्रेष्ठ प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)को प्रस्तावमा योजना आयोगको उपाध्यक्षमा नियुक्त हुनुभएको नेकपा माओवादी केन्द्र म्याग्दीका संयोजक गोविन्द पौडेलले बताउनुभयो ।

'लामो समय बैङ्कीङ क्षेत्रमा काम गरेका श्रेष्ठ योजना आयोगको उपाध्यक्ष हुनु म्याग्दी र यस क्षेत्रका लागि महत्वपूर्ण उपलब्धि हो' पौडेलले भन्नुभयो 'अहिलेको सरकारले म्याग्दीलाई दिएको अवसर र सम्मान हो ।'

माओवादी निकट श्रेष्ठ साहीत्यीक क्षेत्रमा मिन दन्द्धीको नाममा चिनीनुहुन्छ । म्याग्दीमा माओवादीको संस्थापक मध्यका एक श्रेष्ठ पनि हुनुहुन्छ । पाँच वर्षभन्दा लामो समय राष्ट्र बैङ्कको अनुसन्धान विभागको नेतृत्व गर्नुभएका उहाँको नाम यसअघि गर्भनरमा चर्चामा थियो ।

सिङ्गा स्थित धौलागिरी मावि नजिकै जन्मघर भएका श्रेष्ठ हाल काठमाडौमा बसोबास गर्नुहुन्छ । उहाँले अहिले राष्ट्र ऋण विभागको नेतृत्व सम्हाल्नुभएको छ । देशभरका सम्पूर्ण विकास योजना निर्माण र बजेटको सिमाना निर्धारण गर्ने मुख्य निकायमा म्याग्दीको उपस्थितीले जिल्लाको विकासमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

सन १९८८ बाट राष्ट्र बैङ्कमा आवद्ध हुनुभएका श्रेष्ठ आर्थिक अनुसन्धान, तालिम, नतिगित सुझाव तथा रणनिति तर्जुमाका काममा विज्ञ मानिनुहुन्छ । उहाँसंग २००६ देखि २००९ सम्म साउन ईस्ट एसिया सेन्ट्रल बैक्स रिसर्च एण्ड ट्रेनीङ सेन्टरको बरिष्ठ अर्थशास्त्रीका रुपमा काम गरेको अनुभव छ ।

सार्वजनिक प्रशासन र राजनितिक शास्त्रमा स्नातकोत्तर, कानुनमा स्नातक गर्नुभएका श्रेष्ठले अस्ट्रेलीयाको ओलोङगोङ विश्वविद्यालयबाट अर्थशास्त्रमा विद्यावारीधी गर्नुभएको छ । वित्तिय उदारीकरण, मौद्रिक नीति, पुँजी प्रवाह, लगानी, अन्तराष्ट्रिय आप्रवास, गरिवी लगायतका विषयको खोज अनुसन्धानमा संलग्न श्रेष्ठको सात वटा पुस्तकहरू प्रकाशन भैसकेको छ ।

# तिव्र गतिमा बेनी खानेपानी आयोजनाको क्षमता विस्तार

■ नवविकल्प

बेनी खानेपानी तथा सरसफाई आयोजनाको क्षमत्ता विस्तारका लागि एक तिहाई काम सकिएको छ ।

बेनी बजारमा तिब्र बस्ती विकास, जनघनत्व वृद्धी र पुरानो संरचनाले खानेपानीको माग धान्न नसकेपछि गत बैशाखदेखि छ करोड ४२ लाख छ हजार ४५७ रूपैयाँको ठेक्का सम्झौतामा आयोजनाको क्षमत्ता विस्तार कार्य सुरू भएको थियो ।

ठेकेदार कम्पनी लुम्बीनी बिल्डर्सले मुख्य पाईप लाईन जडान गर्ने, खाडल खन्ने र रिजर्भ टंकी निर्माणको एक तिहाई काम पुरा गरिसकेको बेनी खानेपानी उपभोक्ता संस्थाका प्रबन्धक चन्द्रबहादुर थापाले बताउनुभयो । उहाँका अनुसार हालसम्म दुई करोड रूपैयाँ खर्च भैसकेको छ । पुम्दी खोलाको मुहानदेखि बेनी स्थित रिजर्भ टंकीसम्मको दश किलोमिटर मुख्य पाईपलाईन जडान गर्ने काम भैरहेको छ । छ ईञ्चको एक हजार चार सय मिटर र पाँच ईञ्चको एक हजार छ सय मिटर जडान भएको छ ।

चार हजार तिन सय मिटर छ ईञ्चको र पाँच किलोमिटर पाँच ईञ्चको पाईप जडान गर्ने लक्ष्य रहेको छ । मुख्य पाईपलाईन बिछ्याउन तिन किलोमिटर खाडल खनिएको छ । बेनीको बराहपाखो सामुदायिक वन क्षेत्रमा दुई लाख लिटर क्षमत्ताको रिजर्भ टंकी निर्माणको पचास प्रतिशत काम सकिएको छ ।

हाल ९३९ घरधुरी उपभोक्ता रहेको आयोजनाको क्षमत्ता विस्तार भएपछि बेनी बजारमा सन २०२२ सम्म २४ सै घण्टा माग अनुसारको खानेपानी आपूर्ती हुने उपभोक्ता समितिका अध्यक्ष सुवासकुमार श्रेष्ठले बताउनुभयो । हाल प्रतिसेकेण्ड १५ लिटर पानी आउने आयोजनाको क्षमत्ता बढाएर प्रतिसेकेण्ड ३० लिटर आपूर्ती हुने बनाउन लागिएको हो । आगामी पुस सम्म आयोजनाको क्षमत्ता विस्तार गरिसक्ने लक्ष्य सहित काम तिब्र गतिमा अघि बढेको अध्यक्ष श्रेष्ठले बताउनुभयो ।

सरकारको सत्तरी प्रतिशत अनुदान, नगर विकास कोषको २५ प्रतिशत ऋण र उपभोक्ताहरूको ३६ लाख रूपैयाँको लागतमा आयोजनाको क्षमत्ता विस्तार हुन लागेको हो ।

**हार्दिक बधाई**







यस विद्यालयका पूर्व विद्यार्थी डाक्टर मिनवहादुर श्रेष्ठ नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा नियुक्त हुनुभएकामा प्रशन्नता प्रकट गर्दै हार्दिक बधाई सहित सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

भगवान खड्का
अध्यक्ष
विद्यालय व्यवस्थापन समिति

भुवन प्रसाद रेग्मी
नि. प्रधानाध्यापक

एवम्

**धवलागिरि मा.वि. परिवार**

बेनी नगरपालिका-१३, सिंगा, म्याग्दी

**हार्दिक बधाई**







यस संस्थाको सञ्चालक समिति सदस्य श्री तुलसीलता श्रेष्ठ नेपाल भाषा मंका खलः म्याग्दी अर्न्तगत मैजु खलः को अध्यक्ष, श्री दुर्गा भगवति मन्दिर संरक्षण समितिको उपाध्यक्ष र नेपाल रेडक्रस सोसाईटीको सह-कोषाध्यक्ष पदमा निर्वाचित हुनुभएकामा हार्दिक बधाई ज्ञापन गर्दै कार्यकालको पूर्णसफलताको शुभकामना ब्यक्त गर्दछौ ।

भरतकुमार राजभण्डारी
प्रबन्धक

सञ्जयकुमार श्रेष्ठ
सचिव

शिवकुमार श्रेष्ठ
अध्यक्ष

एवम्

**बेनी वचत तथा ऋण सहकारी सस्था लि. परिवार**

बैंकरोड, बेनीबजार, म्याग्दी

**जिल्ला कृषि विकास कार्यालय**

**म्याग्दी, बेनी**

**साना सिंचाई तथा प्लाष्टिक पोखरी निर्माण कार्यक्रम माग-फाराम पेश गर्ने बारेको सूचना**

प्रस्तुत विषयमा चालु आ.व.२०७३/७४ मा यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार साना सिचाई बिशेष कार्यक्रम संचालन गर्ने प्रयोजनका लागि तपसिलको परिधि भित्र रही वा रहन ईच्छुक र विधिवत संगठित कृषि सहकारी संस्था/उपभोक्ता समिति वा संस्था / कृषक समूहहरुलाई निर्धारित ढाँचा अनुसारको साना सिचाई आयोजना माग फाराम पेश गर्नुहुन सूचित गरिएको छ ।

**तपसिल**

१. आयोजना माग फाराम साथ निम्न कागजातहरु संलग्न हुनुपर्नेछ ।
   क) कृषक समुह/कृषि सहकारीको दर्ता प्रमाण-पत्रको प्रतिलिपी
   ख) राजश्व वापत रु. १००।-
   ग) आयोजना संचालनकोलागि समूह/समितिको निर्णय प्रतिलिपी
   घ) उपभोक्ता र जि.कृ.बि.का.ले सम्पन्न गर्ने मुख्य कार्य र ब्यहोर्ने रकम सहितको मोटा मोटी लागत विवरण
   ङ) आयोजनाको विस्तृत विवरण
   च) सम्बन्धित कृषि सेवा केन्द्रको सिफारिस पत्र
   छ) सिचाई श्रोतमा विवाद नभएको भन्ने सम्बन्धित गा.बि.स.को सिफारिस पत्र

   माथि उल्लेखित सम्पूर्ण विवरण सहितको आयोजना माग-फाराम जिल्ला कृषि बिकास कार्यालय वा सम्बन्धित कृषि सेवा केन्द्रबाट प्राप्त गर्न सकिनेछ ।

२. साना सिंचाई कार्यक्रमको लागि अधिकतम रु १ लाख ५० हजार सम्म र प्लाष्टिक पोखरी निर्माणको लागि अधिकतम रु ३० हजार सम्मको योजना हुने छ ।

३. प्लाष्टिक पोखरीको लागि व्यक्ति/कृषक समूह/कृषि सहकारीहरुले माग फाराम पेश गर्न सकिने छ।

४. उल्लेखित कागजात/प्रमाण सहितको निवेदन यही ०७३ असोज १५ गते भित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ ।

अन्य विस्तृत जानकारीकोलागि सम्बन्धित कृषि सेवा केन्द्र/सम्पर्क स्थल वा जिल्ला कृषि बिकास कार्यालय, म्याग्दीमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

इमेल : dadomyagdi@gmail.com;
☎ ०६९-५२०१३०, ५२०६३०

**जिल्ला कृषि विकास कार्यालय म्याग्दी ।**

# वन क्षेत्रको चार सय हेक्टर भन्दा बढी अतिक्रमण हटाइयो

■ नवविकल्प

म्याग्दीमा समुदाय परिचालन गरेर चार सय हेक्टर भन्दा बढी बन क्षेत्रमा भएको अतिक्रमण हटाइएको छ ।

बिस वटा सामुदायिक वन क्षेत्रमा भएको ४२६.३ हेक्टर अतिक्रमण हटाइएको जिल्ला वन कार्यालयले जनाएको छ ।

कार्यालयले दुई वर्षअघि समुदायमा आधारीत वन अतिक्रमण हटाउने अभियान सुरू गरेको थियो । पहिलो वर्ष १६ वटा सामुदायिक वनको ३७४ हेक्टर क्षेत्रफलमा भएको अतिक्रमण हटाइएको थियो । आर्थिक वर्ष २०७२/७३ मा थप चार वटा वनको ५२.३ हेक्टरमा भएको अतिक्रमण हटाएको हो ।

बाबियाचौरको केशरे सम्मेनीमा बिस हेक्टर, सिमलचौरमा १५ हेक्टर, बरंजाको टाडबिसौना र बेनपा ८ अर्थुङ्गेको सानो चौतारी सामुदायिक वन क्षेत्रमा भएको २.३ हेक्टर अतिक्रमण हटाइएको जिल्ला वन अधिकृत सुखलालप्रसाद जयसवालले जानकारी दिनुभयो ।

अतिक्रमण हटाएको ठाउँमा नयाँ साध सिमाना कायम गरि रूख, बिरूवा रोपीएको छ । बाबियाचौर, बरंजा, अर्मन, कुहुँ गाविस र बेनी नगरपालीकाको अर्थुङ्गेमा वन अतिक्रमण हटाउने अभियान सञ्चालन भएको छ ।

जानेर अथवा नजानेर खरबारी र दाउराघाँस तथा केही ठाउँमा खेतीबाली लगाउन प्रयोग भएको सार्वजनिक जग्गालाई स्थानीयबासीले स्वच्छिक रूपमा फिर्ता गर्न थालेका छन् ।

म्याग्दीमा पहिले देखि दर्ता कायम भएर भोगचलन गरेको तर नापी छुटेको, चाहेर नियतबस आफ्नो बनाएको, सुकुम्बासी समस्या र विद्यालय सञ्चालनका लागि संस्थागत तथा समुदायको निर्णय गराएर वन अतिक्रमण भएको पाइएको छ ।

वन अतिक्रमणको अवस्था अध्ययन र विवरण संकलन गरेपछि अतिक्रमण हटाउन समुदायमा छलफल चलाउने गरिएको बाबियाचौर ईलाका वन कार्यालयका सहायक वन अधिकृत लोमनाथ तिमिल्सीनाले बताउनुभयो ।

समुदाय स्तरमा आमभेला गराई वन अतिक्रमणले पार्ने दिर्घकालीन असर, समाधानको उपाय, कानुनी व्यवस्था आदीका बारेमा वृहत छलफल मार्फत सचेत बताउन थालेपछि सर्वसाधारणले स्वच्छिक रूपमा सार्वजनिक जग्गा वनलाई फिर्ता गरेका छन् ।

देशका अन्य जिल्लामा प्रहरीले बल प्रयोग गरेर वन अतिक्रमण हटाउने गरिएपनि दिगो बन्न नसकेको र कार्यान्वयन पक्ष चुनौतीपूर्ण बनेको अवस्थामा म्याग्दीमा भने समुदायलाई सम्झाई, बुझाई गरेर उनिहरूकै सहभागितामा अतिक्रमण हटाउने अभियान प्रभावकारी बनेको छ ।

# पुलको लठ्ठा छिनेपछि आवत जावतमा समस्या

■ नवविकल्प

धौलागिरि आधार शिवीर जाने बाटोमा पर्ने झोलुङ्गे पुलको लठ्ठा छिनेपछि आवत जावतमा समस्या भएको छ ।

मुदी गाविस ९ दोभानमा म्याग्दी नदीमाथि रहेको झोलुङ्गे पुलको लठ्ठा भिरबाट खसेको ढुङ्गाले छिनालेको हो । एकातर्फको दुई वटै लठ्ठा छिनालेको दोभानमा होटल व्यवसाय गर्दै आउनुभएका मुदी बगरका बासिन्दा बमबहादुर पुनले बताउनुभयो ।

पुलको लठ्ठा छिनेपछि धौलागिरी हिमाल आरोहण, धौलागिरी चक्रिय पदयात्रामा आउने पर्यटक, पथप्रर्दशक, पर्यटन मजदुर, होटल ब्यवसायी र स्थानीय बासिन्दालाई आवत जावत गर्न समस्या भएको छ । जोखिमपूर्ण तरीकाले खोला तरेर वारपार गर्नुपर्ने अवस्था रहेको पुनले बताउनुभयो ।

सो स्थानमा चार वर्ष पहिले जिविसको सहयोगमा झोलुङ्गे पुल निर्माण गरिएको थियो ।

पुल मर्मतका लागि स्थानीयले जिविस लगायतका निकायमा समेत अनुरोध गरेका छन् । लठ्ठा छिनेपछि धौलागिरि आरोहण र पदयात्रामा जाने पर्यटकहरू म्याग्दीको रिखार र मुस्ताङको मार्फा भएर आधार शिवीर जान थालेका म्याग्दीका पर्यटन व्यवसायी ईन्द्रसिङ शेरचनले बताउनुभयो ।

धौलागिरि चक्रीय पदमार्गको मुदी बगरदेखि आधार शिवीरसम्म करिब १२ ठाउँमा झोलुङ्गे पुल निर्माण आवश्यक रहेको छ । ति स्थानहरूमा काठको अस्थाई साँघु बनाएर आवत जावत गर्ने व्यवस्था मिलाइएको छ ।

# मृगौला रोगी कुमार पुनको उपचारका लागि सहयोग जुट्दै

■ नवविकल्प

म्याग्दीको बिम ९ का मृगौला रोगी कुमार पुनको उपचारका लागि आर्थिक सहयोग जुट्न थालेको छ ।

बिम गाउँका बासिन्दा, बिम घर भई पोखरा, काठमाडौ, बेनी लगायतका ठाउँमा बसोबास गर्ने र बिदेशमा रहेका बिमका बासिन्दाहरूले पुनको उपचारका लागि सहयोग जुटाउन थालेका हुन् । घरपरिवारको कमजोर आर्थिक अवस्थाका कारण उपचारमा समस्या भएपछि सहयोग जुटाउन थालीएको हो । दुवै मृगौलाले काम गर्न छाडेपछि हाल मानव अंग प्रत्यारोपण केन्द्र भक्तपुरमा उपचार गराइरहेका ३२ वर्षिय पुनलाई बिमवाङ युथ कल्वले ७६ हजार रूपैयाँ आर्थिक संकलन गरेको छ । बिम ८ र ९ नम्बर वडामा घरदैलो गरेर संस्था र ब्यक्तिगत रूपमा संकलन गरिएको रकम पुनलाई उपलब्ध गराइने कल्बका अध्यक्ष खिम जुग्जालीले बताउनुभयो ।

यसैगरी पुनको उपचारका लागि बिम घर भई हाल जापानमा कार्यरत सालीन बिक र उहाँकी श्रीमती निशाले पचास हजार रूपैया सहयोग गर्नुभएको छ । उहाँहरूले जापानबाट पठाउनुभएको रकम मंगलबार पुनलाई उपलब्ध गराइएको काठमाडौबाट पुस्कर बिकले जानकारी दिनुभयो । त्यस्तै ओमकुमारी शान्ति कोषले पुनको उपचारमा सहयोग जुटाउन कोषका कोषाध्यक्ष खम थापाको संयोजकत्वमा समिति गठन गरी सहयोग संकलन अभियान सुरू गरेको छ ।

# म्याग्दीका बुढा अन्तराष्ट्रिय प्रतियोगितामा छनौट

■ नवविकल्प

म्याग्दीका कराते खेलाडी चन्द्र बुढा अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिताका लागि छनौट भएका छन् ।

भारतमा हुन लागेको तेस्रो दक्षिण एशियाली क्याडेट जुनियर एण्ड सिनियर कराँते च्यापीयन सिपमा भाग लिन बुढा छनौट भएका हुन् ।

काठमाडौमा शनिबार भएको राष्ट्रिय स्तरको छनौट खेलमा बुढाले ७५ केजी तौल समूहमा स्वर्ण पदक जित्न सफल भएको कराते खेलका प्रशिक्षक बिरेन्द्र श्रेष्ठले जानकारी दिनुभयो ।

बुढाले यसअघि पनि राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिता जनाएर विभिन्न पदक जित्नुभएको थियो । छनौट खेलमा म्याग्दीका ६ जना खेलाडी सहभागि भएका थिए ।

# चितुवाको आक्रमणबाट १४ वटा भेडा मरे

■ नवविकल्प

म्याग्दीको चिमखोला को दहबुकीमा चितुवाको आक्रमणबाट एउटै गोठका १४ वटा भेडा मरेका छन् । चिमखोला १ नामीलाका यमबहादुर बुढाको गोठमा शुक्रबार राती चितुवाले आक्रमण गरेर भेडा मारेको हो । १४ वटा भेडा मरेको र ६ वटा घाइते भएको कृषक बुढाले बताउनुभयो ।

छ वटाको समूहमा आएका चितुवाले आक्रमण गरेको उहाँले बताउनुभयो । करिब तिन लाख रूपैया बराबरको क्षति भएको छ । बुढाले चितुवा लखेट्ने प्रयास गरेपनि गोठमा एक्लै रहेकाले नसकेको बताउनुभयो ।

पछिल्लो समय म्याग्दीको चरन क्षेत्रमा चितुवाको आतंक बढेको छ । खोप्रा क्षेत्रमा पनि चितुवाले आक्रमण गरेर चौरीगाई र भेडाबाख्रा मारेर सताएको कृषकहरूले बताएका छन् ।

# सात वटा सार्वजनिक शौचालय निर्माण

■ नवविकल्प

म्याग्दीमा यस वर्ष सात वटा सार्वजनिक शौचालय निर्माण भएको छ । जिविस अन्तरगत सञ्चालित पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई परियोजना मार्फत सात ठाउँमा सार्वजनिक शौचालय निर्माण भएको हो ।

उपभोक्ता समिति मार्फत सार्वजनीक तथा संस्थागत शौचालय निर्माण गर्न फिनल्याड सरकार, नेपाल सरकार र जिविसको तर्फबाट दश लाख ७२ हजार ४४५ रूपैयाँ अनुदान दिइएको परियोजनाका सल्लाहकार थरेन्द्र पौडेलले जानकारी दिनुभयो ।

भकिम्ली, भगवती ९, बाबियाचौरको सिमलचौर, राम्चेको करवाकेली, पाखापानीको देउरालीडाँडा, मराङको कल्लेनी र बेनपा ६ मा सार्वजनिक शौचालय निर्माण भएको हो । सडक छेउछाउ, धार्मीक स्थल र सर्वसाधारणको बढी चहलपहल हुने ठाउँमा सरसफाई कायम गर्न शार्वजनिक शौचालय निर्माण गरेको सल्लाहकार पौडेलले बताउनुभयो ।

# गरिबी निवारणका लागि एक करोड ३८ लाख परिचालन

■ नवविकल्प

म्याग्दीका एक हजार चार सय भन्दा बढी घरधुरी विपन्नको जिविकोपार्जन सुधारका लागि करिब डेढ करोड रूपैयाँ को घुम्ती कोष परिचालन गरिएको छ ।

गरिबी निवारण कार्यक्रम मार्फत गैरसरकारी संस्था संगम म्याग्दी र धौलागिरि सामुदायिक स्रोत विकास केन्द्रले १२ गाविसका एक हजार ४२२ घरधुरी विपन्नलाई एक करोड ३८ लाख रूपैयाँको घुम्तीकोष परिचालन गरेका हुन् ।

गरिबी निवारण कोषले ५१ बटा सामुदायिक विकास संस्थालाई बिना धितो सहुलियत ब्याजदरमा घुम्ती कोष मार्फत ऋण लगानी गर्नका लागि अनुदान उपलब्ध गराएको हो । विपन्न समुदायको आयआर्जन वृद्धी गरि गरिबी निवारणमा सघाउ पुग्ने किसीमका क्रियाकलाप गर्न घुम्ती कोषको रकम परिचालन गरिएको कोषका जिल्ला कार्य प्रबन्धक किशोर कुमार चौधरीले बताउनुभयो ।

संगम म्याग्दी मार्फत पाखापानी, चिमखोला, दाना, दोवा, हिस्तान, पिप्ले र घार गाविसमा गठन भएका २९ वटा सामुदायीक विकास संस्थामा ६०२ घरधुरीलाई घुम्ती कोषबाट रकम उपलब्ध गराइएको छ । यसैगरी धौलागिरि सामुदायिक स्रोत विकास केन्द्रले ताकम, देविस्थान, मुना, लुलाङ र मुदीमा गठन भएको २१ बटा सामुदायिक संस्था मार्फत ५२० घरधुरीलाई अनुदान उपलब्ध गराएको छ । सामुदायिक संस्थामा आवद्ध भएका मध्य ९५ प्रतिशत महिला छन् । उनिहरूलाई सामुदायिक विकास संस्था मार्फत सामुहिक जमानीको आधारमा बिना धितो ऋण पाउने ब्यवस्था मिलाइएको संगम म्याग्दीका कार्यक्रम अधिकृत कुलचन्द्र रेग्मीले बताउनुभयो ।

बाख्रा, कुखुरा, गाईभैंसी पालन, तरकारी, फलफुल खेती र साना ब्यापार ब्यवसाय गर्न घुम्तीकोषको रकम परिचालन गरेको सामुदायिक विकास संस्थाका पदाधीकारीहरूले बताएका छन् । घुम्ती कोष स्थापनाका लागि दश प्रतिशत संस्था र नब्ब प्रतिशत गरिवी निवारण कोषले अनुदान उपलब्ध गराएको छ ।

# सात वटा खानेपानी आयोजना निर्माण

■ नवविकल्प

जिविस अन्तरगत सञ्चालित दोस्रो चरणको पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरफाई परियोजना मार्फत पछिल्लो एक वर्षयता ७ वटा खानेपानी आयोजना निर्माण भएको छ । छ वटा गाविसका विभिन्न बस्तीमा दुई करोड आठ हजार ३९३ रूपैयाँको लागतमा निर्माण भएको आयोजना मार्फत ५४८ घरधुरीमा बसोबास गर्ने तिन हजार ३५१ जनसंख्यालाई शुद्ध र ब्यवस्थित खानेपानी सुबिधा पुगेको छ ।

फिनल्याड सरकार, नेपाल सरकार र जिविसको एक करोड ३१ लाख ६५ हजार ४०७ रूपैयाँ अनुदान, सम्बन्धित गाविस कार्यालयको १२ लख ५२१ रूपैयाँ र समुदायको ५६ लाख ४२ हजार ७६५ रूपैयाँ बराबरको श्रम तथा नगद सहभागितामा खानेपानी आयोजना निर्माण भएको परियोजनाका सल्लाहकार थरेन्द्र पौडेलले जानकारी दिनुभयो ।

रूखमा दम्सिलेक, चिमखोलामा नामिला, पाखापानीमा मुलपानी, उल्लेरी, शिखमा शिस्नेरी, ओखरबोटमा थाप्लेडाँडा खानेपानी आयोजना निर्माण तथा दरवाङ ३ को पुछारगैरा खानेपानी सुरक्षा योजना सम्पन्न भएको छ ।

परियोजना मार्फत हाल जिल्लामा सात करोड ३९ लाख नौ हजार ८९१ रूपैयाँ लागतका नौ वटा खानेपानी आयोजना निर्माणाधिन अवस्थामा रहेका छन् । परियोजनाको दुई करोड ७७ लाख १३ हजार चार रूपैयाँ, गाविसको ४४ लाख ३४ हजार ५९३ र उपभोक्ताको २२ लाख ४४ हजार ४९१ रूपैयाँ नगद तथा श्रमदानमा निर्माण हुन लागेको आयोजनाहरूबाट ८१५ घरधुरीको चार हजार ५९९ जनसंख्या लाभान्वित हुने जनाइएको छ ।

बाबियाचौर ९ मा पात्लेपानी, ओखरबोट १ मा खालखोला, बिम ८ र ९ मा ओख्ले बिम्वाङ, बेनपा १२ मा डडुवा लिफ्टीङ, ताकममा कोटखोला, घार ७,८ र ९ मा बिरौटा, अर्मन ६ मा पिपलबोट, रूम ९ मा सेउलुङ अधिभारा र बरंजा ६,७ र ८ मा बाघ हान्ने गौंडा खानेपानी आयोजना निर्माणाधिन अवस्थामा रहेका छन् ।

परियोजनाले म्याग्दीको १६ गाविसमा शुद्ध र ब्यवस्थित खानेपानी सुबिधाको पहुँच वृद्धी तथा सरसफाई प्रर्वद्धन सम्बन्धि योजना तथा कार्यक्रम सञ्चालन गर्दै आएको छ ।


STUDY & WORK IN JAPAN

Admission Open .........



Our Services:-

- Basic, Intermediate & advance language with audio & video classes.
- NAT-TEST, JLPT, Top-j, IELTS, TOFEL & EPS-TOPIK Prep-eration Classes.
- Free Processing.
- Part time job Supported by School.
- Above +2, Bachelor & Masters students can apply.
- High visa Sucess rate
- City on your choice

TOKYO, CHIBA, NAGOYA, OSAKA, SENDAI, HOKKALDO, FUKUOKA & Many more.

INTAKE: April/July/October/January

Your bridge for aboard study in Japan
for more detail visit us............

S. Raj Language Institute (P) Ltd.

Sangam Chock-Beni

Contact: ☎ 069-521185, 9846779548

LIVE LEARN EARN

निर्णय हजुरको सल्लाह हाम्रो, उचित परामर्शको लागि सम्पर्क गर्नुहोला ।



सूचना

हरेक चाडपर्व एवम् सांस्कृतिक परम्पराहरु देशका राष्ट्रिय पहिचान हुन् । यस्ता कुराहरुको अन्त्य हुनु भनेको राष्ट्रिय पहिचान गुम्नु हो । राष्ट्रिय पहिचानको जगेर्नाका लागि पनि चाडपर्व एवम् सांस्कृतिक परम्पराको प्रवर्द्धन र सम्वर्द्धन गर्नु हाम्रो नैतिक दायित्व हो ।

नेपाल सरकार

सूचना तथा सञ्चार प्रविधि मन्त्रालय

सूचना विभाग

# पुनर्संरचनामा.....

**यस्ता छन विकल्पहरू**

प्राविधिक समितिले हालको बेनी नगरपालिकामा राखु पिप्ले, भगवती, पाल्लेखेत र भकिम्ली समावेश गर्ने र बाबियाचौर, बरंजा, अर्मन, कुहुँ, निस्कोट, ओखरबोट, रूम, बिम, मराङ, देविस्थानलाई समेटेर मालीका वा मंगला गाउँपालीका बनाउने प्रस्ताव सिफारीस गरेको छ । सो प्रस्तावमा ताकम, मुना, मुदी, गुर्जा र लुलाङलाई समेटेर धौलागिरि, कुईनेमंगले, दग्नाम, चिमखोला, पाखापानी, मल्कवाङ र भिँडलाई समावेश गरेर रघुगंगा तथा नारच्याङ, दाना, शिख, घारा, दोवा हिस्तान, राम्चे, बेगखोला र तातोपानी समेटेर कालीगण्डकीनीलगिरिरअन्नपूर्ण गाउँपालिका बनाउन सिफारीस भएको छ ।

यसैगरी हालको बेनी नगरपालिकामा भकिम्ली, पिप्ले, भगवती र पाल्खेलेतलाई समावेश गर्ने र आयोगले निर्धारण गरेको भन्दा एक वटा स्थानीय तह थप गर्न माग गर्दै अर्को विकल्प सिफारिस भएको छ । यो विकल्पमा बरंजा, बाबियाचौर, अर्मन र कुहुँलाई मंगला गाउँपालीका, दरवाङ, निस्कोट, ओखरबोट, रूम, बिम, मराङ र देविस्थानलाई समेटेर मालीका गाउँपालिका बनाउने प्रस्ताव गरिएको छ ।

यसैगरी बेनी नगरपालिकामा भकिम्ली र पाल्नेखेतलाई समावेश गर्ने, दरवाङ, बाबियाचौर, कुहुँ, बरंजा, अर्मन, निस्कोट, ओखरबोट, रूम र बिमलाई समेटेर मंगलारमालीका, ताकम, मुना, मुदी, गुर्जा, मराङ, मल्कवाङ र देविस्थानलाई समावेश गरेर धौलागिरि, कुईनेमंगले, दग्नाम, चिमखोला, पाखापानी, भिँ, बेगखोला, राखु भगवती र पिप्लेलाई समेटेर रघुगंगा तथा नारच्याङ, दाना, शिख, घार, दोवा, हिस्तान, राम्चे, तातोपानीलाई समोश गरी कालीगण्डकीरनीलगिरीरअन्नपूर्ण गाउँपालिका बनाउने अर्को विकल्प अघि सारीएको छ ।

यसअघि नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राप्रपा नेपाल र राप्रपाका नेताहरूको गत साउन दोस्रो साता बसेको बैठकले गरेको साभा प्रस्ताव पनि आयोगमा विकल्पको रूपमा पठाइएको छ । स्थानीय विकास अधिकारी चिरञ्जीवी पौडेलको संयोजकत्वमा गठित स्थानीय तह पुनसंरचना प्राविधिक सहयोग समितिलाई दलहरूले प्रशासनीक सुगमता र भौगोलिक बनावटलाई आधार बनाएर सिमांकन र केन्द्र निर्धारण गर्न सुभाव दिएका थिए । दलहरूको प्रस्तावमा भकिम्ली, बरंजा, बाबियाचौर, कुहुँ र पाल्लेखेतलाई हालको बेनी नगरपालिकामा समेट्नुपर्ने उल्लेख गरिएको थियो । सदरमुकाम रहने नगरपालिकाको जनसंख्या ४५ हजार हुनुपर्ने बाध्यात्मक मापदण्डको कारण आसपासका पाँच गाविसलाई नगरपालिकामा गाभ्न प्रस्ताव गरिएको थियो ।

यसैगरी गाउँपालिकाको जनसंख्या २५ हजार रहनुपर्ने मापदण्ड रहेको छ । गुर्जा, लुलाङ, मुना, मुदी, मराङ, मल्कवाङ गाविस, कुईनेमंगलेको १, २ र ३ नम्बर वडालाई समेटेर ताकम केन्द्र रहनेगरी धौलागिरी गाउँपालिका प्रस्ताव गरीएको थियो । बिम, देविस्थान, दरवाङ, रूम, ओखरबोट, निस्कोट र अर्मन गाविसलाई दरवाङ केन्द्र केन्द्र हुनेगरी मालीका वा मंगला गाउँपालीका बनाउन सुभाव दिएका थिए ।

पिप्ले, भगवती, दग्नाम, भिँ, पाखापानी, चिमखोला, बेगखोला गाविस र कुईनेमंगलेको ४ देखि ९ नम्बर वडालाई पिप्ले वा मौबाफाँट केन्द्र रहने गरी रघुगंगा गाउँपालिका बनाउने प्रस्ताव गरिएको छ । पोखरेबगर केन्द्र रहनेगरी राम्चे, हिस्तान, दोवा, शिख, घार, भुरुङ तातोपानी, नारच्याङ र दाना गाविसलाई समेटेर कालीगण्डकीरनिलगीरीरअन्नपूर्ण गाउँपालीका प्रस्ताव गरेका थिए ।

प्रशासनीक सुगमताका हिसावले रूमको ८ र ९ नम्बर वडालाई ओखरबोट, बरंजाको १ नम्बर वडालाई बाबियाचौरसँगैको वडामा समेट्न सुभाव दिइएको थियो । दलहरू बाहेक नागरीक समाज, बुद्धीजीवी, प्रध्यापक, पत्रकार, महिला, जातीय संगठनहरूबाट पनि पुनर्संरचनाका लागि सुभावहरू दिइएको थियो ।

स्थानीय तह पुनसंरचनाको विषयमा गाविस सचिवहरू मार्फत गाउँ तहमा छलफल गरि सुभाव संकलन भएको थियो । सदरमुकाम बेनी बाहेक अन्य गाउँपालिकाको केन्द्र कहाँ निर्धारण गर्ने भन्ने विषयमा पनि बिवाद र फरक फरक मत रहेको छ । बाबियाचौर, दरवाङ, ताकम, मुना, मौवाफाँट, पाखापानी, पोखरेबगर गाउँपाकीकाको केन्द्रका लागि प्रस्तावीत छन् । ताकम की मुना, बाबियाचौर की दरवाङ, मौवाफाँट की पाखापानी भन्ने विषयमा बढी बिवाद छ ।

# कम्प्युटर र खसी चोर्ने पक्राउ

**■ नवविकल्प**

बेनी नगरपालिका ३ मा रहेको अर्जुन माविको कम्प्युटर र स्थानीयको खसी चोरी गर्ने एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ ।

लमजुङको भलाखर्क गाविस ८ घर भई हाल बेनपा २ अर्जम बस्ने २३ वर्षिय शिव अधिकारीलाई मंगलबार चोरी गरेको खसी र कम्प्युटरहरू सहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

अधिकारीको साथबाट २०७३ भदौ २ गते अर्जुन माविबाट चोरी भएको चार सेट कम्प्युटर पनि बरामद गरिएको प्रहरी निरिक्षक लोकेन्द्र सिङ गुरूले बताउनुभयो । बेनपा २ अर्जममा कुखुरापालन र चटपट व्यवसाय गर्दै आएका (रामु) भनेर चिनीने अधिकारीले ज्यामरककोटकी दुर्गा सुवेदीको घरबाट चोरी गरेको खसी बागलुङमा लगेर बेच्ने क्रममा पक्राउ परेका हुन् ।

खसी खोज्दै बागलुङ पुगेकी सुवेदीले अधिकारीले बिक्रीका लागि डुलाउदै गरेको देखेपछि प्रहरीलाई खबर गर्नुभएको थियो । खसी पक्राउ गरेपछि थप सोधपुछ गर्दा कम्प्युटर पनि चोरी गरेको रहस्य खुलेको हो । अधिकारीले चोरी गरेको कम्प्युटर र सामानहरू कोठामा राखेको अवस्थामा भेटिएको थियो ।

प्रारम्भिक अनुसन्धानका क्रममा अधिकारी दिनमा व्यापार, व्यवसाय र रातमा चोरीमा संलग्न हुने गरेको खुलेको छ । उनलाई हिरासतमा राखेर अनुसन्धान सुरू गरिएको र चोरी मुद्दामा कारबाही प्रक्रिया अघि बढाइने प्रहरी निरिक्षक गुरूले बताउनुभयो ।

# बाढीको ....

बिहीबार राती बेगखोलामा आएको बाढीले ४८ वर्षिय पूर्णप्रसाद सिङ्जाली बेपत्ता भएका हुन भने उनका दाजु ५० वर्षिय दुतबहादुर सिङ्जाली भाग्ने क्रममा लडेर घाइते भएका छन् । राती १२ बजेपछि खोलामा बाढी आएको थाहा पाएपछि पूर्णप्रसादले छिमेकी र घरपरिवारका सदस्यहरूलाई सूचना दिएर भगाएका थिए ।

अरूलाई सूचना दिएर बचाएका पूर्णप्रसाद घरभित्र रहेको लालपुर्जा लगायतका कागजात निकाल्न जाँदा बाढीले बगाएर बेपत्ता हुनुभएको उहाँका भतिज ओमकुमार सिङ्जालीले बताउनुभयो । 'हामीलाई सूचना दिएर बचाउनुभयो' ओमकुमारले भन्नुभयो ' भाग्नुस भन्दा भन्दै उहाँलाई बाढीले बगायो ।'

बाढीले बेगखोलामा रहेको सुरेन्द्र तामाङ, बिर्खजंग पाईजा, धनबहादुर गर्बुजा, पूर्णप्रसाद सिङ्जाली, ओमकुमार सिङ्जाली, रत्नकुमार गर्बुजा, लोकबहादुर पुर्जा, मबहादर राम्जाली, टिक बहादुर बुढाथोकी, कमल पाईजा र निरबहादुर बुढाथोकीको घर बगाएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरिक्षक लोकेन्द्र सिङ गुरूले बताउनुभयो । ४ घर बाढी र नदी कटानको उच्च जोखिममा परेका छन् । यसैगरी बेग १ का सोमबहादुर नेपालीको घर पहिरोले बगाएको र ४ नम्बर वडाका तापीस बिकको घर पहिरोको जोखिममा परेपछि बिस्थापित भएका छन् ।

बेगखोला र कालीगण्डकी नदीको दोभानमा रहेको बेगखोलाको बस्ती बाढीका कारण बगरमा परिणत भएको छ । भागेर ज्यान बचाएपनि घर, खाद्यन्न, कपडा लगायत घरमा भएका सबै सामाग्री बाढीले बगाएको बाढी पीडित अतीमाया बुढाथोकीले बताउनुभयो । 'ज्यान र शरीरमा लगाएको कपडा बाहेक सबै बाढीले बगायो' बुढाथोकीले भन्नुभयो ।

बाढीले ४१ लाख ६० हजार रूपैयाँ बराबरको धनमाल क्षत्ती गरेको प्रहरी निरिक्षक गुरूले बताउनुभयो । ११ घरपरिवारका २५ जना पुरुष र ३२ जना महिला प्रभावित भएका छन् ।

बाढीले सडक, बेलीब्रिज र विद्युतका पोल बगाएकाले सडक र विद्युत सेवा अवरूद्ध भएको छ । बेगखोलामा रहेको बेलीब्रिज, झोलुङ्गे पुल र सडक बाढीले बगाएपछि बेनी-जोमसोम सडकमा सिधा सवारी अवरूद्ध भएको म्याग्दी जिप तथा बस सञ्चालक समितिका उपाध्यक्ष मोहन केसीले बताउनुभयो ।

'बाढीले सडक र पुल बगाएको छ भने कालीगण्डकीले धार परिवर्तन गरेर पहाडको फेदीमा रहेको सडक डुवानमा परेकाले पैदल हिडेर समेत आवत जावत गर्न सक्ने अवस्था छैन' केसीले भन्नुभयो 'बेगखोला-औल-बादुक हुदै तिप्ल्याङ सम्म करिब तिन घण्टा घुमाउरो बाटो हिड्नुपर्छ ।'

करिब एक किलोमिटर सडक बाढीले क्षति गरेको छ । बेग, हिस्तान, राम्चे, दोवा, शिख, घार, भुरुङ तातोपानी, नारच्याङ र दाना गाविसका साथै मुस्ताङसंग सिधा सडक सम्बन्ध बिच्छेद भएको हो । स्थानीय बासिन्दाका साथै मुस्ताङ जाने आउने पर्यटक र तिर्थयात्री समस्यामा परेका छन् ।

म्याग्दीको उत्तरी क्षेत्रमा उत्पादीत आलु, तरकारीको साथै मुस्ताङको स्याउ ढुवानीमा समस्या भएको छ । बेगखोलामा रहेको केन्द्रिय र बितरण लाईनको बिस वटा विद्युत पोल र तार बाढीले बगाएपछि उत्तरी क्षेत्र र मुस्ताङमा केन्द्रिय प्रशारण लाईनको विद्युत सेवा अवरूद्ध भएको नेपाल विद्युत प्राधिकरण बेनी वितरण केन्द्रले जनाएको छ ।

फाईबरको तार चुडीएकाले केबल टेलिभिजन र ईन्टरनेट सेवा पनि अवरूद्ध भएको छ । बाढीले पुल बगाएको ठाउँमा काठको साँघु (अस्थाई पुल) बनाएर सहज रूपमा आवत जावतको व्यवस्था मिलाउन नेपाली सेनाको श्रीबक्स गुल्मका सैनीकहरू खटिएका छन् । बिस जना सैनीक टोली अस्थाई पुल बनाउन बेगखोला गएको गुल्मपती रमेश गुरुङले जानकारी दिनुभयो ।

विद्युत प्राधिकरणले नयाँ पोल र तार जडान गरेर विद्युत आपूर्ती गराउन पहल गरिएको जनाएको छ । बेगखोलाका बाढीपीडितहरूलाई जिल्ला विपद् व्यवस्थापन समिति लगायतका निकाय र विभिन्न संघ संस्थाले राहत वितरण गरेका छन् ।

जिल्ला विपद् व्यवस्थापन समितिले प्रतिघर पन्द्रहजार रूपैयाँका दरले राहत वितरण गरिएको हो । केन्द्रिय दैवी प्रकोप उद्धार समितिले प्रतिघरपरिवार दश हजार र जिल्ला विपद् समितिले पाँच हजार रूपैयाँका दरले राहत वितरण गरेका हुन् ।

दश घरपरिवारलाई सहायक प्रमुख जिल्ला अधिकारी यादवनाथ आचार्य र स्थानीय विकास अधिकारी चिरञ्जिवी पौडेलले राहत वितरण गर्नुभएको थियो । एक जना घरधनी उपलब्ध नभएकाले उनलाई पछि राहत उपलब्ध गराइने जनाइएको छ ।

यसैगरी नेपाल रेडक्रस सोसाईटी, म्याग्दी उद्योग वाणिज्य संघ, लायन्स क्लब, ओमकुमारी शान्ति कोष लगायतका संघ संस्थाहरूले पनि खाद्यान्न, पाल, लत्ताकपडा लगायतका राहत सामाग्रीहरू उपलब्ध गराएका छन् । बाढी पीडितहरूलाई स्थानीय निरबहादुर बुढाथोकीको जग्गामा अस्थाई टहरा बनाएर बसोबासको व्यवस्था मिलाइएको छ । प्रहरी, शशस्त्र प्रहरी, नेपाली सेना, बेगका बासिन्दा, रेडक्रसकर्मी र बेनीबाट गएका स्वमसेवकहरूले श्रमदान गरेर टहरा बनाएका हुन् ।

यसैगरी जिल्लाको देविस्थान गाविस ५ घरथोक भिरमुनी भन्ने ठाउँमा शनिबार बिहान पहिरोले घर बगाउँदा एक जनाको मृत्यु भएको छ । ७३ वर्षिय ओमप्रसाद भट्टचनको मृत्यु भएका जिल्ला प्रहरी कार्यालयले जनाएको छ । घरमाथिबाट आएको पहिरोमा परेर सुतीरहेका भट्टचनको मृत्यु भएको हो ।

पहिरोले भगबहादुर घर्ती र कलिमा बुढाथोकीको घर बगाएको प्रहरी निरिक्षक लोकेन्द्र सिङ गुरूले बताउनुभयो । पहिरोमा पुरीएर २ वटा गाई र एक वटा गोरू मरेका छन् । बेपत्ता भट्टचनको प्रहरी र स्थानीयहरूले शनिबार सव फेला पारेका हुन । पहिरोले गोठ बगाउँदा साढे पाँचलाख क्षति भएको प्रहरीले जनाएको छ ।


## शान्ति सन्देश

**स्थायी शान्तिका लागि आ-आफ्नो क्षेत्रबाट सहकार्य र सद्भावको वृद्धि गरौं ।**

शान्ति र समृद्धिका लागि
**स्थानीय शान्ति समिति, म्याग्दी**

उद्यम गरौ, उद्यमशिल संस्कारको विकास गरौ ।
स्थानीय उद्यमीले उत्पादन गरेका सामाग्रीको प्रयोग र प्रर्वद्धन गरौ ।।

**मुदीमै झोला, स्वीटर, अगरबत्ती र च्याउ**

मुदीका उद्यमीहरूले उत्पादन गरेका झोला र स्वीटर तथा खिवाङका उद्यमीले उत्पादन गरेको अगरबत्तीको प्रयोग र केन्य च्याउको उपभोग गरौ ।

झोलाका लागि: सगरमाथा लघुउद्यमी समूह, मुदी
स्वीटरका लागि : धौलागिरी लघुउद्यमी समूह, मुदी
सिर्जनशिल कन्यच्याउ लघुउद्यमी समूह खिवाङ
अगरबत्तीका लागि : प्रगतिशिल लघुउद्यमी समूह खिवाङ




## सबै काम एउटै छानामुनी

कलर तथा सादा छपाइ, नाइलन/डिजिटल छाप, स्टेशनरी तथा मसलन्द सामान, कलर तथा सादा कम्प्युटर प्रिन्ट, लेमिनेशन सेवा अर्डर बमोजिम सम्पूर्ण मसलन्द सामानहरू उपलब्ध गराइन्छ ।

प्रो. सुदर्शनकुमार श्रेष्ठ

**दीप्ति अफसेट प्रेस एण्ड स्टेशनर्स**

गणेशटोल बेनी, म्याग्दी

फोन नं. ०६९-५२०२४०, ५२०४४०, ९८५७६४०४४०, ९८४७६३३९९८

**बिजुली नभएको बेलामा जेनेरेटरको पनि व्यवस्था**

म्याग्दी जिप्रकादनं. १/०६७/०६८, म्याग्दी जिहुदनं. ०९/०७१/०७२



# तीज गीतको सौन्दर्य गुम्दै

■ राम थापा 'अबिरल'

'आँगनी माथि सिंवाली लाग्यो, वरिलै कदमको छायाँले
सातै र समुन्द्र मै तरी आएँ, वरिलै बाबाको मायाले'- हरिदेवी कोइराला-२०४५

'जामा लाउँदा छोटो भयो, सारी लाउँदा सुहाएन
उखरमौलो बैंश छोप्ने चीजै भएन
जवानीले पाऱ्यो नि पिरलो
तीज आएनि पिरलो, नआएनि पिरलो
चोरी खान पल्केको ढाडे बिरालो' - श्रीदेवी देवकोटा/प्रकाश कटुवाल-२०७२

साडी र चोलो नलगाउन सानु, जवानी छेकिन्छ
छोटो-छाटो मिनिस्कट लाउँदा क्या 'सेक्सी' देखिन्छ
छोरो कारैमा सरर...- प्रविण थापा/टिका पुन-२०७३


फाइल तस्वीर : नवविकल्प

यि विपरीत भावका रचनाले तीज गीतमा आएको बदलावलाई 'पटाक्षेप' मात्र गर्दैन, तीज गीतको सौन्दर्य 'ध्वस्त' हुँदै गएको प्रमाण पनि दिन्छ । ऐतिहासिक पर्व गीतको उपमा पाएको तीज गीत आज रोधीघरको 'झाम्रे'जस्तो पनि नभएर अश्लिल दोहोरीमा फेरिन पुगेको छ । पछिल्ला समय तीज गीत आफ्नो मुल प्रवृत्तिबाट विमुख हुँदा ढाडे बिरालो, छोटो 'मिनिस्कट' जस्ता रचनाले बजारमा प्रवेश पाएका छन् ।

तीजको मौसमी सङ्गीत बजारमा यस्तै कलाहीन र 'उट्पट्याङ' गीतले वर्चश्व जमाउन थालेका छन् । कालो बादलभित्रपनि चाँदीको घेरा हुन्छ भनेझैं, तीजको मर्म र सौन्दर्य पक्डेका गीत नबनेका होइनन् । न्युन संख्याका त्यस्ता गीतको हस्तक्षेप कम छ । २०७२ को तीजमा आएको 'ढाडे बिरालो' सर्वाधिक आलोचित मात्रै बनेन, समाजले अस्वीकृत गर्ने अवस्थामा समेत पुग्यो । उस्तै आभास दिने गरि यो वर्ष 'छोटो मिनिस्कट' र यस्तै अन्य गीत बजारमा छन् । तीजको मुल मर्मबाट बाहिरिएर तयार पारिएका यस्ता गीतले तीज गीतको मौलिकता र परम्परागत सौन्दर्यलाई समयको किनारामा मिल्काइदिएका छन् । तीन वर्षअघि २०७० मा गायक तेजश रेग्मी र शिलु भट्टराईले त्यस्तै तीज गीत निकालेका थिए-

'ठाउँको ठाउँ ढल्ने जस्तो मलाई कति पिर छ
कित बुढो त्याग, कान्छी कित मलाई बिर्स'

उल्लेखित गीत पनि चर्चामा त रह्यो । तर, त्यसले पनि तीज गीतको गरिमा समातेन । पर्व गीतको रूपमा चिनिने तीज गीत मुल चरित्र र प्रवृत्तिबाट विमुख र छताछुल्ल भएको छ । हरिदेवी कोइरालाहरू अचेल छायाँमा छन् - 'नेपालबाट दाजैले शीरफूल कमाइ पठाए, किन दिन्थिन् भाउजूले राखिन् आफैंले' के, यस्ता रचनाको युग सकिएकै हो त ?

यो, प्रश्नमा वरिष्ठ लोकगायिका हरिदेवी कोइरालाको मत यस्तो छ - ' विगत ७/८ वर्षदेखि तीज गीतको विषयवस्तु र शैली भड्किलो र मर्मबाहिर पुगेको छ, तीज गीत हाम्रो मौलिक साँस्कृतिक धरोहर हो, यसको जगेर्ना हुनुपर्छ ।' उहाँ अघि थप्नुहुन्छ- 'हिजोआज हामी मुल मर्मतिर छैनौं कि जस्तो लाग्छ, पारिवारिक जस्तो छैन, कतै उट्पट्याङ जस्तो पनि ।' तीज गीत गायनको विधान खल्बलिदैं गएको लोकगायिका कोइरालाको बुझाइ छ । गीतमा आएको विविधतालाई सकारात्मक रूपमा मात्रै लिन सकिने अवस्था नरहेको उहाँले बताउनुभयो ।

समग्रमा तीजको सँस्कृति साझा पर्वको रूपमा विकास हुँदै गएकोमा भने लोकगायिका कोइराला खुसी हुनुहुन्छ । तीज गीत जहिलेपनि घटनाप्रद हुने हुँदा तीजको गीतले घटना खोज्ने कोइरालाको तर्क छ । तर, हिजोआज घटना भन्दा पनि क्षणिक र सस्तो रमाइलोका विषयवस्तुहरू हावी भइरहेकोमा उहाँको गुनासो छ । 'तीज गीतको पौराणिक मान्यता पनि घटना र विषयवस्तुसँग जोडिएको छ, युग सुहाउँदो, चेतना जागृत गर्ने खालका, समसामयिक विषयवस्तुहरू तीज गीतमा उठान हुनुपर्दछ ' कोइरालाले भन्नुभयो । कोइरालाले आफू र आफ्नो पुस्ताका गायिकाहरूले २०४६ सालको आन्दोलनपछिको परिवर्तन, २०५८ सालको राजदरवार हत्याकाण्ड र अन्य समाजमा घटित घटनालाई विषयवस्तुमा उठाउने गरेको स्मरण गर्नुभयो । साहित्यकार एवम् संस्कृतिकर्मी प्रेम छोटाको विचारमा पनि तीज गीतले मुल बाटो बिराउन थालेको छ ।

'तीज व्यापक भएको छ, शहरतिर पनि तीज मनाउने परम्परा विस्तार हुँदै गएको छ, रौनक फेरिएको छ' छोटाले भन्नुभयो 'तर, खासमा तीजको मर्म र तीज गीतको सौन्दर्य घट्दै गएको हो कि भन्ने चिन्ता थपिएको छ ।' वर्षभरिका आफ्ना दुख, पीरवेदना र चोटहरू सार्वजनिक गर्ने माध्यम तीज गीत बन्ने गरेकोमा अहिले त्यो अश्लिलता र क्षणिक रमाइलोमा समेटिएको उहाँको धारणा छ ।

लोकगायिका कोइराला पहिलेका तीज गीत सम्झदैं भन्नुहुन्छ 'महिलाका कुण्ठित सिर्जनाहरू बाहिर आउँथे, समकालिन नेपाली समाजको अवस्था चित्रित गर्थे तीजका गीतहरूले तर अहिले त्यस्तो छैन सस्तो र अभद्र मायाप्रेमको विषयले ठाउँ पाएको छ ।' विशेष गरि तीज गीत गायनमा सुपरिचित लोकगायिका कोइरालाले हालसम्म ३२ वटा तीज गीतका एल्बमहरू सार्वजनिक गरिसक्नुभएको छ ।

संगीत तथा नाट्य प्रतिष्ठानकी प्राज्ञ समेत भइसक्नुभएकी कोइरालाले तीज गीतले महिलाहरूको सिर्जना क्षमतालाई बढाउने बताउनुहुन्छ । तीजको मौलिकता र शास्त्रीय विधानलाई नछोडि गाउन उहाँ नयाँ पुस्तालाई आग्रह पनि गर्नुहुन्छ । पछि गएर नेपाली सांस्कृतिक परम्परा खल्बलिने र मौलिकता गुम्ने खतरा रहेकोप्रति सबै सचेत हुन आवश्यक रहेको कोइरालाको भनाइ छ ।

यता, साहित्यकार तथा सँस्कृतिविद् छोटाले नेपाली संगीत परम्परा विश्वमै पृथक रहेकोले यसको जगेर्ना गर्नुपर्नेमा जोड दिनुहुन्छ । महिलाहरूले तीजमा आफुले झेल्नुपरेका सामाजिक बन्धन र पारिवारिक अन्याय, अत्याचारप्रति कटु व्यङ्ग्य तथा बिद्रोह गर्दै स्वतन्त्रताका गीत समेत गाउने गरेको छोटाको अनुभव छ ।

पछिल्लो समयकालमा नेपाली तीजगीतको मौलिक र शास्त्रीय परम्परामा आएको ह्रासले छोटालाई पनि चिन्तित तुल्याएको छ । 'प्राय ः गरि नारी वेदनाका भावहरू झल्किने खालका गीतहरूमा तीजमा गाइनुपर्छ र सँगै मुक्तीकामी महिलाका अभिव्यक्तिहरू मुखरित गरिनुपर्छ' छोटाले भन्नुभयो । अन्धविश्वास र विसंगतपूर्ण व्यवहार तोडेर समानतामुलक समाज निर्माणको लागि तीजगीत सहयोगी बन्नुपर्ने छोटाको तर्क छ ।

'पौराणीककाल देखि नै तीज पर्व र गीतको बयान हुँदै आएको छ, यसले नारी मुक्तीको दिनलाई अभिव्यक्त गरेको हुन्छ' छोटाले भन्नुभयो 'धार्मिक दृष्टीकोणले पनि तीज गीतको आफ्नै महत्व रहेको छ, ब्रत उपसाना देखि महिलाहरू आफू, पति र परिवारको सुख र समृद्धिको लागि पूजाआजा गर्ने चलन छ ।' तीज गीत महिलाहरूले मात्र गाइने गीत भनेर चिनिएपनि अहिले भने पुरूषहरूले पनि तीज गीत गाउन थालेका छन् । तीज गीत दोहोरी जस्तो हुन थालेको भन्छन् कतिपय संगीतप्रेमीहरू । 'गीत गाउने र चर्चा बटुल्ने नाउँमा अभद्र र छाडा गीतसंगीतलाई प्रश्रय दिन हुँदैन' गायक तथा संगीतकार बसन्त थापा भन्नुहुन्छ ।

बढ्दो व्यवसायिक बजार र प्रतिष्पर्धाले पनि नेपाली संगीतको मौलिकता गुम्दै जान थालेको संगीतकर्मीहरूको बुझाइ छ । तीज गीतमा माइतीघर र कर्मघरको बिम्व जुन रूपमा प्रयोग हुन्थ्यो, त्यो नभएर अहिले युवायवतीको प्रेमको मसलाले गीतहरू बन्न थालेका छन् । यता, नयाँ पुस्ताका गायककहरू भने समयले तीज गीतमा परिवर्तन चाहेको तर्क गर्छन् ।

'बजारमा पनि मायाप्रेम बिक्ने गर्छ र अहिलेको समाजले बढी नै रसिक र ठट्यौली गीत मन पराउने हुँदा हामीहरू पनि त्यस्तै गीत गाउन बाध्य छौं' गायक प्रविण थापाले भन्नुभयो । थापा र गायिका टिका पुनले यो वर्ष गाएको 'छोटो मिनिस्कट' बोलको गीतले चर्चासँगै आलोचना पनि बटुलेको छ । समयको माग बमोजिम गीतसंगीतको बजारमा पनि परिवर्तन आएको थापाको भनाइ छ ।

के, नेपाली समाज पुरानो संस्कृति, मुल्य र मान्यताबाट विमुख हुन थालिसकेको हो त ? तर, पुरै तहमा त्यसो नभइसकेको संस्कृतिकर्मी छोटाको भनाइ छ । छोटाले तीज गीत मात्रै नभएर अन्य सांस्कृतिक धरोहर पनि कमजोर हालतमा रहेकोले त्यसको संरक्षणका लागि जर्वजस्त लाग्नुपर्ने आवश्यकता रहेको उल्लेख गर्नुभयो ।

आफूले तीन वर्ष अघि गाएको तीज गीत सम्झदैं बरिष्ठ लोकगायिका हरिदेवि कोइरालाले आफू जहिले पनि तीजको मौलिकपन जोगाउन प्रयासरत रहने बताउँदै अघि थप्नुभयो- 'सेतै पहिरन चेली देख्दा कस्को मन रून्न र, विधुवालो रातो लाउन किन हुन्न र ?'

कम्प्युटर तथा छपाइ सम्बन्धी सम्पूर्ण कामका लागि
शर्मा डेस्कटप
मो.नं. ९८५७६२१५६०

BABIN TAILORING
Shirting & Suiting
बबिन टेलरिङ नै किन ?
तपाईले खोजेका कुनैपनि गुणस्तरीय ब्राण्डका कपडाहरुका लागि,
तपाईले भनेको समयमा आकर्षक एवम् गुणस्तरीय सिलाईका लागि,
आकर्षक तथा आधुनिक डिजाइनका लागि,
आकर्षक कोटका लागि गुणस्तरीय पेस्टिङ मेशिन प्रयोग गरिने,
यहाँको माया, सद्भाव र विश्वासको निरन्तरताको लागि,
अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कूल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।
हाम्रो बाबाले सधैं बबिन टेलरिङमा सिलाई दिनुहुन्छ....
बबिन टेलरिङ्ग सर्टिङ्ग एण्ड सुटिङ्ग
हुलाकचोक, बेनी फोन: ०६९-५२०७६०
न्यूरोड, पोखरा (भाटभटेनी सँगै) फोन: ०६१-५२७४२०
DIGJAM Ashvira OCM Bentley Raymond

प्रो. मुकुन्द शर्मा ९८४७६४२९५६
प्रो. अमृतप्रसाद शर्मा ९८४७६५२०९०
विशाल हार्डवयर्स एण्ड जनरल सप्लायर्स
शिक्षामार्ग, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२०८९७
हाम्रा सेवाहरू
छड, सिमेन्ट, जस्तापाता, प्लाइ, सनमाइका, रङ रोगन, काँटी, कब्जा लगायत घर निर्माण सम्बन्धी सम्पूर्ण सामानहरु सुपथ मूल्यमा बिक्री गरिन्छ। साथै नेपाटपको पाइप र ग्यारेन्टीवाला पानी टंकी पनि पाइन्छ।

सुन्दर नगरी बेनीबजारमा हजुरहरुको चाहनालाई मध्यनजर गर्दै नयाँ व्यवस्थापनका साथ हामी तपाईंहरुको साथमा
लामा भान्छाघर एण्ड रेष्टुरेन्ट
कोटभण्डारचोक, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरू
- खाना/खाजाको ढिडो - नेवारी खाजा - चटामरी
- बारा - पिज्ज - नान - अन्य परिकारहरु
फ्रि वाइफाई, फ्रि होम डेलिभरी, पार्किङ सुविधा
प्रो राजन लामा, फोन : ०६९-५२१२००, मो.नं.: ९८४७६३३८९४

प्रो. बुद्धि महत (मो.नं. ९८४९८३३२३८)
प्रबन्ध निर्देशक : प्रमिला जिसी महत (मो.नं. ९८४७८११७१)
महत न्यू फेन्सी पसल
न्यूरोड, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरू
हामीकहाँ कोरियन, हङकङ, सिंगापुर, थाइल्याण्ड तथा स्वदेशी फेन्सी सामानहरु होलसेल तथा खुद्रा पाइनुका साथै क्याम्पस, बोर्डिङका ड्रेसहरु, खेलकुदका सामग्रीहरु सुपथ मूल्यमा पाइन्छ ।

प्रो. सुरेन्द्रराज शर्मा मो.नं. ९८५७६२२०७७, ९८५७६२४५७७
संगम ट्रेडर्स & संगम हार्डवयर
कालीपुल (वेष्ट प्वाइन्ट कलेजको नजिक) बेनी, म्याग्दी
फोन : ०६९-५२१११७, फ्याक्स : ०६९-५२०९२८
हाम्रा सेवाहरू
हामीकहाँ निर्माण सम्बन्धी सम्पूर्ण सामग्रीहरु (छड, सिमेन्ट, कर्कटपाता, पाइप, पाइप फिटिङ्का सामान, रंगरोगन) थोक तथा फुटकर थोक मूल्यमा पाइन्छ।
ब्रिज सिमेन्ट र पञ्चकन्याबाट उत्पादित सम्पद्रर्ण सामानका साथै नेरोल्याक पेन्टस्को अधिकृत बिक्रेता
हाम्रो सेवा दरबाङ बजारबाट पनि- फोन : ०६९-६८००७७

नवविकल्प साप्ताहिक, प्रकाशक/सम्पादकः ठाकुरप्रसाद आचार्य, प्रधान सम्पादक : देवीप्रसाद शर्मा, कार्यकारी सम्पादक : सन्तोष गौतम, कम्प्युटर सेटिङ्ग : प्रमोद शर्मा (९८५७६२१५६०)
कार्यालयः शान्तिटोल, बेनीबजार, म्याग्दी मुद्रणः दीप्ति अफसेट प्रेस, बेनीबजार Email :- bikalpanews@gmail.com, Phone 069-520995, 9847624286